सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८०।०८१

च.न. ४०६

मितिः२०८०।६।२५

श्री वडा कार्यालयहरु सबै ।

श्री बिषयगत शाखाहरु सबै ।

सरुमारानी गाउँपालिका, प्यूठन ।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाका मिति २०८०।६।२५ गतेको बैठकहका निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

२०८०।६।२५

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।०६।२४ गते गाउँकार्यपालिकाको सत्ताईसौ बैठकका प्रस्तावहरु

१. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।
२. माडी नदिका विभिन्न स्थानको IEE Report स्वीकृत र अनुमति माग सम्बन्धमा ।
३. चुरेक्षेत्रबाट ढुंगा गिट्टि बालुवा उत्खनन परिमाण- संशोधन र अनुमति माग सम्बन्धमा ।
४. उपभोक्ता समितिमार्फत काम गर्न नसकिने योजनाहरु कार्यान्वयन सम्बन्धमा ।
५. कृषि तथा पशुविकास उद्यमशिलता विकास परियोजनाको कार्यक्षेत्र/योजना र बजेट सम्बन्धमा ।
६. प्यूठान टेक्नोलोजी कलेज प्रा.लि.को आर्थिक तथा प्राविधिक सहयोग सम्बन्धमा ।
७. विभिन्न योजनाहरुको मर्मत सम्बन्धमा ।
८. आर्थिक सहायता सम्बन्धमा ।
९. विविध सम्बन्धमा ।
   - दर्भान प्रहरीको मर्मत सम्बन्धि माग सम्बन्धमा ।
   - स्वास्थ्य तर्फका करमचारी पदपुर्ति सम्बन्धमा ।
   - नेपाल प्रेस युनियन प्यूठानलाई सहयोग सम्बन्धमा ।
   - खड्केश्वरी दुर्गा भवानी मन्दिर ब्यबस्थापन खर्च सम्बन्धमा ।

## बैठक संख्या-२७

## गाउँकार्यपालिकाको सत्ताईसौ बैठकका निर्णयहरु-२०८०।०६।२४ गते

### निर्णय नं. १. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८०।५।१७ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएका र केहि निर्णयहरु कार्यान्वयनको चरणमा रहेको पाईयो ।

### निर्णय नं.२. माडी नदिका विभिन्न स्थानको IEE Report स्वीकृत र अनुमति माग सम्बन्धमा ।

प्रस्ताव न. २ माथि छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बमोजिम यस सरुमारानी गाउँपालिकाको माडी नदिका तपशिलका ४ वटा घाटहरुबाट नदि जन्य पदार्थ (ढुंगा, गिट्टि, वालुवा) उत्खनन, संकलन तथा निकासीको लागि तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE ), २०८० लाई स्वीकृत गर्ने निर्णय गरियो ।साथै उपरोक्त क्षेत्रबाट नदि जन्य पदार्थ(ढुंगा, गिट्टि, वालुवा) उत्खनन, संकलन तथा निकासी अनुमतिको लागि जिल्ला अनुगमन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न | खोला/खण्डको नाम | क्षेत्रफल | लम्वाई | औ.चौ | औ.ग | नदीजन्य पदार्थको जम्मा परिमाण | फोहरजन्य पदार्थ ५% | उत्खनन योग्य परिमाण | दैनिक उत्खनन् गर्ने परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पनाहा घाट | ९६०३ | २३८.० | २९ | ०.६५ | ४४८६.३ | २२४.३ | ४२६२.० | १५.७९ | |
| २ | नौघाट | | | | | | | | | |
| | माथिल्लो | ४८४४ | २१६.० | १८ | ०.७० | २७२१.६ | १३६.१ | २५८५.५ | ९.५८ | |
| | तल्लो | ३२३५ | १३७.० | १८ | ०.६५ | १६०२.९ | ८०.१ | १५२२.८ | ५.६४ | |
| | जम्मा | ८०७९ | | | | ४३२४.५ | २१६.२ | ४१०८.३ | १५.२२ | |
| ३ | खरानी घाट (दोमही माथी) | ७८९८ | २०९.० | २३ | ०.७० | ३३६४.९ | १६८.२ | ३१९६.७ | ११.८४ | |
| ४ | कुडुले | ४९४२ | ८० | १६ | ०.७ | ८९६.० | ४४.८ | ८५१.२ | ३.१५ | |
| | कुल जम्मा | | | | | १३०७१.७ | ६५३.६ | १२४१८.१ | ४६.० | |

**निर्णय नं. ३ चुरेक्षेत्रबाट ढुंगा, गिट्टि, बालुवा उत्खनन परिमाण संशोधन र अनुमति माग सम्बन्धमा ।**

प्रस्ताव न. ३ माथि छलफल गर्दा चालु आ.व. २०८०।०८१ मा संचालन हुने विकास निर्माणका कार्यहरुलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरु (ढुंङ्गा, गिट्टी र वालुवा) को ब्यवस्थापन कार्य तत्काल अगाडी वढाउन यस सरुमारानी गाउँपालिकाको राप्ती नदिको बगरक्षेत्रबाट ढुंङ्गा, गिट्टी वालुवाको उत्खनन, निकासी र व्यवस्थापनको कार्यको लागी चुरेक्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि र मापदण्ड २०७६ बमोजिम उक्त कार्यविधिको दोश्रो अवस्था (नदि प्रणालीबाट ब्यवसायिक उत्खनन र संकलन अवस्था) अनुसार IEE स्वीकृत भए पछि आएको परिवर्तनको सम्बन्धमा यस कार्यालयवाट तयार भएको प्रतिवेदन अनुसार ढुंङ्गा, गिट्टी वालुवाको परिमार्जित/संशोधित परिमाणलाई स्वीकृत गरी ढुंङ्गा, गिट्टी, वालुवाको उत्खनन, निकासी र ब्यवस्थापन कार्यको लागि राष्ट्रपति चुरे, तराई-मधेश संरक्षण विकास समितिलाई अनुमतिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

संशोधित परिणाम निम्नानुसार रहेको छ ।

**IEE Sarumarani Rural Municipality EXTRACTION AREA CALCULATION**

| SN | Name | Gross Area of Excavation ($m^2$) | Area of river ($m^2$) | Net Area of Excavation($m^2$) | Length (m) | Average Width (m) | Eff. Average Width (m) (1/3) of avg. Width | Depth (m) | Quantity ($m^3$) | Extraction Quantity | Per day Ex. Qnty. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Daderi Ghat | 270,701.00 | 56,807.00 | 213,894.00 | 1,375.00 | 155.56 | 52 | 0.75 | 53474 | 48126 | 178.25 |
| 2 | Sun Ghat | 172,716.00 | 43,458.00 | 129,258.00 | 710.00 | 182 | 61 | 0.75 | 32314.50 | 30699 | 119.68 |
| 3 | Titribajh Belghat | 86,792.00 | 5,880.00 | 80,912.00 | 450.00 | 179.80 | 60 | 0.9 | 24273.60 | 23060 | 89.90 |
| 4 | Jhiliwang Dhadra | 310,178.00 | 13,805.00 | 296,373.00 | 1,400.00 | 211.70 | 71 | 0.7 | 69153.70 | 62238 | 256.12 |

**निर्णय नं. ४. उपभोक्ता समितिमार्फत काम गर्न नसकिने योजनाहरु कार्यान्वयन सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व. २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत तपशिलका योजनाहरु उपभोक्ता समितिहरु मार्फत काम गर्न कठिन भएको भनि वडा कार्यालयबाट जानकारी आएकोले उक्त योजनाहरु गाउँकार्यपालिकाको कार्यालयबाटै नियमानुसार कोटेशन/बोलपत्र प्रकृयाबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| क.स. | योजनाको नाम | ठेगना | विनियोजन बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जुकेपानी गुरासेनी लिफ्ट खा.पा.योजना | वडा न. ६ | १०,००,००० | |
| २ | कुडुले सिरुवारी देउराली मो.बा. स्तरउन्नोति | वडा न. ४ | १२,००,००० | |

**निर्णय नं. ५. कृषि तथा पशुविकास उद्यमशिलता विकास परियोजनाको कार्यक्षेत्र/योजना र बजेट सम्बन्धमा ।**

प्रस्ताव न. ५ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाले हेफर मोडलमा संचालन गरेको सरुमारानी कृषि तथा पशुपालन विकास उद्यमशिलता परियोजना बहुबर्षिय परियोजनाको रुपमा ३ वर्षे परियोजना स्वीकृत गर्ने, परियोजना संचालनको लागि यस गाउँपालिकाले चालु आ.ब.२०८०।०८१ मा रु. ७५,००,०००/- र बाकी दुई आ.ब.हरुमा प्रति बर्ष १/१ करोडका दरले साझेदारी रकम ( गाउँपालिका ७० प्रतिशत र परियोजना ३० प्रतिशत) खर्च गर्ने निर्णय गरियो ।

साथै सरुमारानी कृषि तथा पशुपालन विकास उद्यमशिलता परियोजनाका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्दा मुख्यतया निम्न क्षेत्रहरुमा कार्यक्रम प्रस्ताव गरी कार्यक्षेत्र निर्धारण गरियो ।

**तपशिल**

सरुमारानी कृषि तथा पशु विकास उद्यमशिलता परियोजनामा आ.व. २०८०/०८१ मा प्रस्तावित कार्यक्रमका शिर्षकहरु :

१. बाख्राको खोर निर्माण/सुधार कार्यक्रम
२. भकारो सुधार कार्यक्रम
३. घाँसको स्रोत केन्द्र संचालन
४. दुध,खसी/बोका,तरकारी उत्पादनमा आधारित अनुदान कार्यक्रम
५. हाट बजार/संकलन केन्द्र/वजारीकरण सम्वन्धी कार्यक्रम
६. तरकारी/मसलाबाली पकेट क्षेत्र कार्यक्रम
७. दुध/अदुवा/मह विविधिकरण कार्यक्रम
८. बाख्राको नश्ल सुधार कार्यक्रम (वोका वितरण)

**निर्णय न. ६. प्यूठान टेक्नोलोजी कलेज प्रा.लि.को आर्थिक सहयोग सम्बन्धमा ।**

प्रस्ताव न. ६ माथि छलफल गर्दा प्यूठान टेक्नोलोजी कलेज प्रा.लि.को मिति २०८०।०६।०७ च.न.१०६ को पत्र अनुसार प्यूठान जिल्लामा साईवर अपराध सुरक्षा सामाजिक प्रभाव नीति र जागरणका विषयमा सम्मेलन गर्नको लागि रु. ५०,०००/- वजेट विनियोजन गर्ने गरियो गरियो ।

**निर्णय नं. ७ विभिन्न योजनाहरुको मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस वर्षको बर्षादले यस सरुमारानी गाउँपालिका भित्रका विभिन्न सडकहरु विग्रन गई यातायातसेवा नियमित गर्न कठिनाई भएकोले तपशिल बमोजिमका सडकहरुको मर्मत संभारका लागि तपशिल बमोजिमको रकम मर्मत संभार शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो

तपशिल

| क्र.स. | योजनाको नाम | ठेगना | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | विभिन्न सडक मर्मत संभार | वडा न. १ | ५०००० | |
| ३ | विभिन्न सडक मर्मत संभार | वडा न. २ | ५०००० | |
| ५ | विभिन्न सडक मर्मत संभार | वडा न. ३ | ५०००० | |
| ८ | विभिन्न सडक मर्मत संभार | वडा न. ४ | ५०००० | |
| १० | विभिन्न सडक मर्मत संभार | वडा न. ५ | ७५००० | |
| ११ | विभिन्न सडक मर्मत संभार | वडा न. ६ | ७५००० | |

**निर्णय नं. ८. आर्थिक सहायता सम्बन्धमा ।**

प्रस्ताव न. ८ माथि छलफल गर्दा जातिय समता समाज जिल्ला समिति प्यूठानको मिति २०८०।६।२ गतेको माग पत्र अनुसार उक्त समाजको जिल्ला भेला तथा प्रशिक्षणको लागि रु. १०,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९. विविध सम्बन्धमा ।**

➢ **दर्भान प्रहरी चौकीको मर्मत तथा रंगरोगन सम्बन्धमा ।**

प्रहरी चौकी ढुंगेगढिकव मिति २०८०।०६।१८ को आर्थिक सहयोग सम्बन्धि पत्र असार प्रहरी चौकीको मन्दिर, मनोग्राम, ईन्ट्रीपोष्ट प्रतिक्षालय लगाएतका स्थानहरुमा मर्मत तथा रंगरोगनको लागि रु. १०,०००/- मर्मत संभार शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

➢ **स्वास्थ्य तर्फका कर्मचारी पदपुर्ति सम्बन्धमा ।**

यस गाउँपालिकाको दर्भान सामुदायिक स्वास्थ्य ईकाईको लागि अ.हे.ब-सहायक चौथो तहको एक पद र कार्यालय सहयोगी-श्रेणी विहिन एक पद पदपुर्ति प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

➢ **नेपाल प्रेस युनियन प्यूठानलाई सहयोग सम्बन्धमा ।**

नेपाल प्रेस न्यूनियन जिल्ला कार्य समिति, प्यूठानको मिति २०८०।०४।३० गतेको प्रस्तावना स्वीकृत तथा वजेट व्यबस्थापन सम्वन्धि पत्र अनुसार पत्रकार क्षमता अभिबृद्धि तालिमको लागि रु ३०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।



कर्ण बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

गेजे बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

➢ खड्केश्वरी दुर्गा भवानी मन्दिर ब्यवस्थापन खर्च सम्बन्धमा ।

सरुमारानी गाउँपालिका वडा न. २ मा रहेको श्री खड्केश्वरी दुर्गा भवानी मन्दिरमा विजया दशमी २०८० को मेला ब्बस्थापन कार्यक्रम सम्पन्न गर्न, रंगरोगन र साउन्डसिष्टम ब्यबस्थापन लगायत पुजा कार्यक्रम सम्पन्न गर्नको लागि रु २०,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८०/६/२५

गेजे बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष